...ा देखे खातिर टायर बैल से जात रहे। ...भैसा देखे खातिर करिब १० गाँव के लोग ...हल एगो दृश्य। फोटो : प्रभु यादव

मईल नेकपा पर्सा जिल्ला कमिटी सदस्य रामकाजी श्रेष्ठ बतवनी। सभा के तत्कालीन जिल्लासचिवी

जिल्ला कमिटी ..., स्थानीय तह में नेकपा के निर्वाचित जनप्रतिनिधि ... के सहभागिता

...

(बाँकी तीसरा पृष्ठमें)

# छिपहरमाई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मिस्वा, पर्सा

प्रदेश नं. २, नेपाल

# दरभाउपत्र आव्हान सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०७७/०७/१७

यस कार्यालयबाट चालु आ.व २०७७/०७८ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित एम्बुलेन्स सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले ईजाजतपत्र प्राप्त ईच्छुक कम्पनि/उद्योग व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र आव्हान गरिएको छ।

१. अद्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. २०७६/०७७ सम्मको आय चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र निवेदन सहित तोकिएको दरभाउपत्र दस्तुर तिरी (पछि फिर्ता नहुने) यो सुचना प्रकाशित भएको मितीले १५ औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट इच्छुक दरभाउपत्र दाताले दरभाउपत्र सम्बन्धित कागजात खरिद गर्न सकिनेछ साथै दरभाउपत्र पेश गर्न चाहिने दरभाउपत्र दाता तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखामा जम्मा गरेको भाउचरलाई दरभाउपत्र कागजात पेश गर्नु पर्नेछ।

२. खरिद गरेको दरभाउपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि दरभाउपत्र दाताले प्रत्येक पानामा सहि छाप गरि सिलबन्दी गरी खाम बाहिर फारमको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितीले १६ औं दिनको १२ बजे भित्र यस कार्यालयमा Hard copy दर्ता गर्न सकिनेछ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरेको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।

४. दर्ता भएको बोलपत्र यो सुचना प्रथम पटक प्रकाशित भएका मितीले १६ औं दिन दिनको १४:०० बजे कार्यालकका प्रतिनिधि तथा दरभाउपत्र दाताको रोहबरमा खोलिनेछ। दरभाउपत्र दाताको अनुपस्थिति भएमा पनि खोल्न बाधा पर्ने छैन।

५. दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सोको भोली पल्ट वा कार्यालय खुलेको पहिलो दिनको साहि समयलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ।

६. सिलबन्दी दरभाउपत्र फारम साथ जमान्त बापत तोकिएको रकम कार्यालयको एन.आइ.सी. एसिया बैंक, मिस्वा स्थित धरौटी खाता नं. L6CA000187452404 मा जम्मा गरि सक्कलै बैंक भाउचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सकने ईजाजत प्राप्त बैंकहरुबाट दरभाउपत्र दाखिला गर्न अन्तिम मितीबाट कम्तिमा १२० दिन म्याद भएको विडवन्डको सक्कल संलग्न गर्नु पर्नेछ।

७. दरभाउपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षर लेखिएकोलाई मान्यता दिनेछ।

८. संयुक्त उपक्रमको मध्यबाट काम गर्न ईच्छुक दरभाउपत्र दाताले संयुक्त उपकम सम्बन्धित सम्झौताको सक्कल दरभाउपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ।

९. छिपहरमाई गा.पा. को हितलाई ध्यानमा राखि कुनै कारण जनाई वा नजनाई दरभाउपत्र पुरा वा आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ। दरभाउपत्र दाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रो संग बुझि दररेट भरेको मानिनेछ।

११. शर्त रहेको, रित नपुगेको तथा म्याद नाघि आएको दरभाउपत्र उपर कुनै करवाहि हुने छैन।

१२. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ। दरभाउपत्र सम्बन्धित थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखि बुझ्न सकिनेछ।

सिलबन्दीदरभाउपत्र सम्बन्धि कार्यको विवरण

| सि.नं | ठेक्का नं. | कार्यको विवरण | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६।०७७।०७८ | एम्बुलेन्स थान-१ | ३९,०००।०० | १,०००।०० | |

प्रमुख प्रशासकीय अधिकृत